**भारतीय राजदूतावास**
**काठमाडौं**
********

## प्रेस विज्ञप्ति

## एनडिसी टोलीको नेपाल भ्रमण (२०८० भाद्र १०-१४)

भारत तथा मित्र राष्ट्र जर्मनी, बंगलादेश, श्रीलंका, साउदी अरब, बेलायत र ओमानका निजामती सेवा तथा रक्षा बलका १६ वरिष्ठ अधिकारी सम्मिलित राष्ट्रिय रक्षा महाविद्यालय (नेशनल डिफेन्स कलेज) को ६३ औं कोर्षको एक प्रतिनिधिमण्डलले २०८० भाद्र १० देखि १४ गतेसम्म नेपालको भ्रमण गर्यो ।

२. एयर भाइस मार्शल मनीष कुमार गुप्ताको नेतृत्वमा नेपाल आएको सो भ्रमण टोलीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल, माननीय रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्का, माननीय परराष्ट्रमन्त्री श्री नारायण प्रसाद साउद र माननीय गृहमन्त्री श्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेटवार्ता गर्यो । टोलीले एनडिसीका भूतपूर्व विद्यार्थी एवम् नेपाली सेनाका प्रधान सेनापति महारथी प्रभुराम शर्मासँग पनि भेट गरी द्विपक्षीय सैन्य सहकार्यका विषयमा छलफल गर्यो । टोलीले पोखरास्थित पश्चिम पृतना मुख्यालयको भ्रमण गरी त्यहाँका वरिष्ठ अधिकारीसँग भेटघाट गर्यो ।

३. राष्ट्रिय मार्ग तथा रणनीतिका व्यापक पक्षहरुबारे वरिष्ठ रक्षा तथा निजामती सेवाका अधिकारीलाई प्रशिक्षण दिने एनडिसी विश्वकै प्रमुख प्रशिक्षण संस्थाहरु मध्येको एक हो । भारतीय रक्षा बल तथा निजामती सेवाका वरिष्ठ अधिकारीका साथै मित्र राष्ट्रका सशस्त्र बलका अधिकारीले सो कोर्षमा सहभागीता जनाएका थिए । हाल सञ्चालन भइरहेको कोर्षमा नेपाली सेनाका तीन अधिकारी सहभागी छन् । सन् १९९२ यता नेपाली सेनाका प्रधान सेनापति महारथी प्रभुराम शर्मासहित १८ बहालवाला नेपाली सेनाका अधिकारी र सेवानिवृत्त अन्य २४ जना अधिकारीले यस एनडिसीबाट प्रशिक्षण लिइसकेका छन् ।

**काठमाडौं**
**31 Aug 2023**

*********